# बुटवल उपमहानगरपालिका
# नगरकार्यपालिकाको कार्यालय, बुटवल
## लुम्बिनी बस टर्मिनल संचालन तथा व्यवस्थापन का लागि
## आय ठेक्का सम्बन्धी वोलपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८१।०१।३१

बुटवल उपमहानगरपालिकाको स्वामित्वमा रहेको वडा नं. ०९ स्थित लुम्बिनी बस टर्मिनलमा टर्मिनल सेवा प्रयोग गरे वापत सवारी साधनवाट लिईने सेवा शुल्क, तोकिएका पसलहरुको दैनिक वहाल रकम असुली गर्ने, सार्वजनिक शौचालय संचालन तथा व्यवस्थापन, मर्मत सम्भार, टर्मिनल परिसर, सार्वजनिक सौचालय तथा सपिङ्ग कम्प्लेक्सको सरसफाई गर्ने, वस टर्मिनल परिसर तथा शौचालय सहितको विद्युत र धारा मर्मत र महसुल संचालकले ब्यहोर्ने गरी समग्र प्याकेज (राजश्व अनुसन्धान कार्यालय रहेको टर्मिनल भवन र सो भवनको दक्षिण पश्चिम तर्फ पार्किङका लागि छुट्टयाईएको साढे दुई कट्ठा खाली जग्गा, सपिङ्ग कम्प्लेक्समा रहेका सटरहरु, मन्दिर, हाईमास्ट लाईटको विद्युत महसुल र विज्ञापन कर संकलन र पशु वधशालाको मासु विक्री गर्नका लागि राखिने मासु पसलको टंकी वाहेक) को ठेक्का वन्दोवस्तीका लागि कानून वमोजिम प्रतिस्पर्धात्मक विधिवाट ठेक्का बन्दोवस्त गरी निजी क्षेत्र मार्फत संचालन तथा व्यवस्थापन गराउनु पर्ने भएकोले तोकिएका शर्त, नियम तथा प्रावधानहरुको परिधि भित्र रही उक्त बस टर्मिनल संचालन तथा व्यवस्थापनको कार्य गर्न इच्छुक नेपाल सरकारबाट इजाजत प्राप्त फर्म, कम्पनीबाट (नियमानुसार करहरु चुक्ता भएको र प्रमाण पत्र नवीकरण भएको) रीत पूर्वकको वोलपत्र आव्हानको सूचना प्रकाशित गरिएकोछ ।

१ विद्युतीय (Electronicaly) बोलपत्र खरिद गर्न बोलपत्रदाताले बोलपत्र दस्तुर वापत रु ५०००।- (पाँच हजार रुपैया मात्र) (पछि फिर्ता नहुने) राष्ट्रिय बाणिज्य बैक बुटवल शाखाको आन्तरिक श्रोत बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको कोड नं.८०१०५४८०१) ३१२०१००३०१०१०००२ मा जम्मा गरी PPMO को Website:http//www.bolpatra.gov.np बाट Download गरी बोलपत्र फारम प्राप्त गर्न सकिनेछ ।

२) वोलपत्र फारम मिति २०८१।०२।३० गतेका दिन दिनको १२.०० बजे सम्म वोलपत्रहरु (E-Submitted) upload भईसक्नुपर्नेछ । सोही दिन दिनको १.०० बजे बु.उ.म.न.पा. नगरकार्यापालिकाको कार्यालयको राजश्व शाखामा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३) वोलपत्रदाताले वोलपत्रसाथ आफुले कवोल गरेको कुल ठेक्का अंक (भ्याट सहित) को ५ प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको रा.वा. बैक बुटवल शाखामा रहेको कार्यालयको कोड नं. ८०१०५४८०१ धरौटी खाता नं. ३१२०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै भौचर वा वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिले कम्तीमा १२० दिन सम्म म्याद भएको बुटवल उपमहानगरपालिका नगरकार्यापालिकाको कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्र वैकवाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी भएको बैक जमानीपत्र (विडवण्ड) पेश गर्नुपर्नेछ ।

४) वस टर्मिनल सञ्चालन तथा व्यवस्थापन अन्तर्गत सो टर्मिनलमा सेवा प्रयोग गरे वापत सवारी साधनबाट लिइने सेवा शुल्क:, तोकिएका पसलहरुको दैनिक वहाल रकम असुली, शौचालय प्रयोग वापत सेवाशुल्क असुली, तोकिएका पसल र टिकट काउण्टरहरुको तोकिएको दरमा विद्युत तथा खानेपानी महशुल असुली कार्य पर्दछ । सेवा शुल्क, वहाल रकमको दररेट बोलपत्र फारममा उल्लेख गरिएको छ ।

मित्रमणी खनाल
प्रमुख प्रशासकीय अधिकृत

५) सञ्चालकले बस टर्मिनल सञ्चालन तथा व्यवस्थापनमा गर्नु पर्ने कार्यहरु र गर्न नपाइने कार्यहरुको विवरण बोलपत्र फारममा उल्लेख गरिएकोछ ।

६) अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण वोलपत्र फारममा दिईएको छ । थप जानकारीका लागि बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

७) कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार वुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

८) अन्य कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३,सार्वजनिक खरिद नियमावली २०६४, आय ठेक्का वन्दोवस्त गर्ने सम्वन्धी नियमावली २०७६ र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

तपसिल:

| ठेक्का नं. | कामको बिवरण | न्यूनतम ठेक अंक (भ्याट बाहेक) | ठेक्का अवधी २ आर्थिक वर्ष |
|---|---|---|---|
| २९/०८०/०८१ | लुम्बिनी वस टर्मिनलको संचालन तथा व्यवस्थापन तोकिए वमोजिमको समग्र प्याकेज | २,५६,००,०००।– (दुई करोड छपन्न लाख मात्र) | आ.व. २०८१/०८२ र २०८२/०८३ (२०८३ आषाढ मसान्तसम्म) |

मित्रमणी खनाल
प्रमुख प्रशासकीय अधिकृत

बुटवल उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बुटवल

# बुटवल उपमहानगरपालिका

## नगरकार्यपालिकाको कार्यालय,बुटवल रुपन्देही

## लुम्बिनी बस टर्मिनल संचालन तथा व्यवस्थापनको लागि आय ठेक्का सम्वन्धी

## वोलपत्र फाराम

## (ठे.नं.२९/०८०/०८१)

(१) बुटवल उपमहानगरपालिकाको स्वामित्वमा रहेको वडा नं. ०९ स्थित लुम्विनी बस टर्मिनलमा टर्मिनल सेवा प्रयोग गरे वापत सवारी साधनवाट लिईने सेवा शुल्क, तोकिएका पसलहरुको दैनिक वहाल रकम असुली गर्ने, सार्वजनिक शौचालय संचालन तथा व्यवस्थापन, मर्मत सम्भार, टर्मिनल परिसर, सार्वजनिक शौचालय तथा सपिङ्ग कम्प्लेक्सको सरसफाई गर्ने, वस टर्मिनल परिसर तथा शौचालय सहितको विद्युत र धारा मर्मत र महसुल संचालकले ब्यहोर्ने गरी समग्र प्याकेज (राजश्व अनुसन्धान कार्यालय रहेको टर्मिनल भवन र सो भवनको दक्षिण पश्चिम तर्फ पार्किङ्गका लागि छुट्ट्याईएको साढे दुई कट्ठा खाली जग्गा, सपिङ्ग कम्प्लेक्समा रहेका सटरहरु, मन्दिर, हाईमास्ट लाईटको विद्युत महसुल र विज्ञापन कर संकलन गर्ने र पशु वधशालाको मासु विक्री गर्नका लागि राखिने मासु पसलको टंकी वाहेक) को ठेक्का वन्दोवस्तीका लागि कानून वमोजिम प्रतिस्पर्धात्मक विधिवाट ठेक्का बन्दोवस्त गरी निजी क्षेत्र मार्फत संचालन तथा व्यवस्थापन गराउनु पर्ने भएकोले तोकिएका शर्त, नियम तथा प्रावधानहरुको परिधि भित्र रही उक्त बस टर्मिनल संचालन तथा व्यवस्थापनको कार्य गर्न इच्छुक,नेपाल सरकारबाट इजाजत प्राप्त फर्म, कम्पनीबाट (नियमानुसार करहरु चुक्ता भएको र प्रमाणपत्र नवीकरण भएको) रीत पूर्वकको वोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको हो ।

(२) विद्युतीय (Electronically) बोलपत्र खरिद गर्न बोलपत्रदाताले बोलपत्र दस्तुर वापत रु ५०००/- ( पाँच हजार रुपैया मात्र) (पछि फिर्ता नहुने) राष्ट्रिय बाणिज्य बैक बुटवल शाखाको आन्तरिक श्रोत बुटवल उप महानगरपालिकाको कार्यालय कोड नं. ८०१०५४८०१ ) ३१२०१००३०१०१०००२ मा जम्मा गरी PPMO को Website:http//www.bolpatra.gov.np बाट Download गरी बोलपत्र फारम प्राप्त गर्न सकिनेछ ।

(३) वोलपत्र फारम मिति २०८१/०२/३० गतेका दिन दिनको १२.०० बजे सम्म वोलपत्रहरु (E-Submitted) upload भईसक्नुपर्नेछ । सोही दिन दिनको १.०० बजे बु.उ.म.न.पा. नगरकार्यापालिकाको कार्यालयको राजश्व शाखामा खोलिनेछ । वोलपत्र खोल्ने अन्तिम दिन बिदा परे त्यसपछि कार्यालय खुलेको दिन खोल्ने कार्य हुनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।E-biddingमार्फत बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले PPMO को Website http//www.bolpatra.gov.np मा भएको प्रावधान अनुसार बोलपत्र पेश गर्न सकिनेछ र विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्ने फर्म, कम्पनीले बोलपत्र दाखिला गर्ने अन्तिम मितिको ७ दिन भित्र सक्कल डकुमेन्ट अनिवार्य पेश गर्नुपर्नेछ ।

(४) रीत नपुगेको,म्याद नाघी आएको र शर्त राखिएको वोलपत्र उपर कारवाही हुने छैन । अधिकार प्राप्त अधिकारीको हस्ताक्षर तथा फर्म, कम्पनीको छाप नभएको र बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको छाप नलागेको वोलपत्र फारामलाई मान्यता दिइनेछैन ।

(५) न्यूनतम ठेक्का अंक २ आ.व. का लागि (भ्याट वाहेक) रु. **२,५६,००,०००/०० (दुई करोड छपन्न लाख)** मात्र रहेको छ । ठेक्का अवधि २ आ.व. (२०८१/०८२ र आ.व.०८२/८३ असार मसान्तसम्म) हुनेछ ।

(६) वोलपत्रदाताले वोलपत्रसाथ आफुले कवोल गरेको कुल ठेक्का अंक (भ्याट सहित)को ५ प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको रा.वा. बैक बुटवल शाखामा रहेको कार्यालयको कोड नं. ८०१०५४८०१ धरौटी खाता नं. ३१२०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै भौचर वा वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम

मितिले कम्तीमा १२० दिन सम्म म्याद भएको बुटवल उपमहानगरपालिका नगरकार्यापालिकाको कार्यालयको नाममा नेपाल राष्ट्र वैकवाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी गरिएको बैक जमानीपत्र (विडवण्ड)पेश गर्नुपर्नेछ ।

(७) वोलपत्र स्वीकृत भएपछि भ्याट सहितको कवोल अंकको ५ प्रतिशतले हुने रकम वुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल वैंक भौचर वा सो वरावरको ठेक्का अवधि सम्मको लागि मान्य हुने वुटवल उपमहानगरपालिकाको नाममा नेपाल राष्ट्र वैक वाट मान्यता प्राप्त क वर्गको वाणिज्य वैंकबाट जारी भएको परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ ।

(८) स्वीकृत बोलपत्र दाताले कवुल ठेक्का अंक भुक्तानी गर्दा कुल ठेक्का अंक लाई ३ किस्तामा बिभाजन गरी भुक्तानी गर्नु पर्नेछ । पहिलो किस्ता सम्झौता गर्दाकै बखत र बाँकी किस्ता प्रत्येक चौमासिकमा र छैटौ अन्तिम किस्ता रकम २०८२ फाल्गुण मसान्त भित्र बुझाउनु पर्नेछ । तोकिएको समयमा किश्ता रकम नबुझाएमा बैकं ग्यारेन्टीवाट असुल उपर गरिनेछ । कवोल गरेको कूल ठेक्का रकम सम्झौताकै बखत एकमुष्ठ बुझाएमा १० प्रतिशत छुट दिइनेछ । तोकिएको समयमा नबुझाएमा १० प्रतिशत जरिवाना असुल गरिनेछ ।

(९) ठेक्का सम्झौता गर्दा बुझाउनु पर्ने प्रथम किस्ता बुझाइसकेपछि बाँकी रकम बराबरको २०८३ भाद्र मसान्त सम्म म्याद भएको बुटवल उ.म.न.पा. को नाममा जारी भएको नेपाल राष्ट्र वैकवाट मान्यता प्राप्त क वर्गको वाणिज्य वैंकको भ्याट सहितको वैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

(१०) नियमानुसार लाग्ने सम्पूर्ण सरकारी कर (मुल्य अभिबृद्धिकर, आयकर, ठेक्का कर आदि) तथा शुल्कहरु समेत बोलपत्रदाता स्वयंले नै व्यहोर्नु/बुझाउनु पर्नेछ ।

(११) सचालकले सम्झौता मान्य रहेको अवधिभर देहायको क्षेत्रवाट सेवाशुल्क तथा वहाल रकम उठाउनेछ ।

क) लुम्बिनी बस टर्मिनलमा सवारी साधनबाट लिइने टर्मिनल सेवा शुल्क ।

ख) वस टर्मिनलमा संचालित १३ वटा पसलहरुबाट तोके बमोजिमको प्राप्त हुने बहाल ।

ग) सेवाग्राही तथा यात्रुहरुवाट सार्वजनिक शौचालय प्रयोग गरेवापत तोकिएको दररेटमा शुल्क ।

घ) वस टर्मिनल भित्र रहेका टिकट काउण्टरहरु र १३ वटा पसलहरुको तोकिएको दरमा विद्युत तथा पानी महशुल ।

(१२) संचालकले देहायका स्थान र क्षेत्रबाट सेवा शुल्क, कर वा बहाल उठाउन पाउने छैन ।

क) बसपार्क भन्दा बाहिको क्षेत्र,

ख) राजश्व अनुसन्धान कार्यालय रहेको टर्मिनल भवन र सो भवनको दक्षिण पश्चिम तर्फ गाडी पार्किङ्गका लागि छुट्टयाइएको साढे दुई कठ्ठा जग्गा,

ग) मासु पसल विक्री केन्द्र,

घ) मन्दिर र सपिङ्ग कम्प्लेक्सका सटरहरु

ङ) थप कुनै ठेला टंकी राख्न नपाइने ,

च) हाइमास्ट लाइटको पोलबाट कुनै विज्ञापन शुल्क उठाउन नपाईने तथा महशुल बुझाउन नपर्ने,

(१३) संचालकले देहाय बमोजिमको कार्य गर्नु पर्नेछ ।

क) **सरसफाईः** टर्मिनल परिसर, तहाँ रहेको सार्वजनिक शौचालय र सपिङ्ग कम्प्लेक्सको दैनिक सरसफाई गर्ने ।

ख) **मर्मत सम्भारः** वस टर्मिनल परिसर तथा सार्वजनिक शौचालय सहितको विद्युत र धारा मर्मत गर्ने ।

ग) **महसुलः** वस टर्मिनल परिसर, टिकट काउन्टर, १३ वटा पसलहरु, प्रतिक्षालय तथा सार्वजनिक शौचालयको पानी तथा विद्युत महसुल बुझाउने र संचालकले प्रयोग गरेको टेलिफोन महसुल समेत ।

(१४) सार्वजनिक यात्रु सेवामा चल्ने यातायात सेवाको Route देहाय बमोजिम निर्धारण गरिएकोछ ।

क. **City Route :-** बु.उ.म.न.पा. क्षेत्रभित्र चल्ने सवारी साधन नगर वस ।

ख. **Local Route:- बुट**वल उपमहानगर सँग सीमाना जोडिएका नगरपालिका र गाँउपालिकाको सिमाना सम्म चल्ने सवारी साधनहरु ।

ग. **Short Route:-** उत्तरमा तानसेन, पूर्वमा वर्दघाटत्रिवेणी महेशपुर र दक्षिणमा सुनौलीसम्म चल्ने साधनहरु ।

घ. **Long Route:-** माथि उल्लेखित क्षेत्र भन्दा बाहिर जाने आउने सवारी साधनहरु ।

(१५) **बस टर्मिनल सेवा शुल्क (भ्याट सहित) को दररेट निम्न बमोजिम कायम गरिएकोछ ।**

| सि.न | विवरण | सेवा शुल्क भ्याट सहित | कैफियत |
|---|---|---|---|
| १ | **Long Route** मा चल्ने **AC Bus** | रु. १०० प्रति पटक | |
| २ | **Long Route** मा चल्ने **Bus/Mini Bus/Micro Bus/Hayes/ Electric Van** | रु. ६० प्रति पटक | |
| ३ | **Local Route मा चल्ने Bus/Mini Bus/Micro Bus /Hayes/ Winger/ Electric Van** | रु. ५० प्रति पटक | |
| ४ | **Short Route** मा चल्ने **Bus/Mini Bus/Micro Bus /Hayes/Winger/ Electric Van** | रु. ५० प्रति पटक | |
| ५ | **City Route** मा चल्ने **Bus/Mini/Micro Bus/Winger/ Electric Van** | रु. २० प्रति पटक | |
| ६ | **Long Route** मा चल्ने टाटा सुमो, जीप आदि | रु. ४० प्रति पटक | |
| ७ | **Local Route** मा चल्ने टाटा सुमो, जीप आदि | रु. ३० प्रति पटक | |
| ८ | **Short Route** मा चल्ने टाटा सुमो, जीप आदि | रु. २० प्रति पटक | |
| ९ | **City Route** मा चल्ने टाटा सुमो, जीप आदि | रु. १५ प्रति पटक | |
| १० | निजी /भाडाका जीप तथा कार भ्यान आदि | रु. १५ प्रति पटक | |
| ११ | ई-रिक्सा, टेम्पु टर्मिनल प्रवेश गर्दा | रु. १० प्रति पटक | |

**नोटः**

क) City Route भन्नाले बुटवल उपमहानगरपालिका भित्र चल्ने सवारी साधनलाई मानिनेछ । City Route सेवामा चल्ने सवारी साधनलाई सम्वद्ध व्यवसायी संघको सिफारिसमा उक्त दिनका लागी बु.उ.म.न.पा.बाट निःशुल्क पास उपलव्ध गराउन सकिनेछ । तर आफु खुसी City Route मा चल्ने साधन संग भने तोकिएको शुल्क लिन सकिनेछ ।

ख) बुटवल उपमहानगरपालिकासँग सिमाना जोडिएका नगरपालिका र गाउँपालिकासम्म चल्ने सवारी साधनलाई Local Route मानिनेछ ।

ग) पूर्वमा वर्दघाट, त्रिवेणी, महेशपुर सम्म र उत्तरमा तानसेन दक्षिणमा सुनौली सम्म चल्ने सवारी साधनहरुलाई Short Rute मानिनेछ ।

घ) माथि उल्लेख गरिएका क्षेत्र भन्दा बाहिर आउने जाने सवारी साधनहरु Long Route मानिनेछ ।

ङ) लुम्बिनी बस टर्मिनल नै अन्तिम पहुँच विन्दु हुने गरी टर्मिनल भित्र यात्रु उतार्ने प्रयोजनका लागि प्रवेश गरी बिना नम्बर निस्कने साधनका लागि टर्मिनल सेवा शुल्क लिन पाइने छैन ।

च) सरकारी नम्बर प्लेट भएका सवारी साधनहरुको पार्किङ्ग शुल्क उठाउन पाइने छैन ।

(१६) बु.उ.म.न.पा.द्धारा निर्मित लुम्बिनी बस टर्मिनल भित्र संचालित पसल कक्षहरुको दैनिक भाडा दर निम्न बमोजिम (भ्याट सहित) लिन पाईनेछ ।

| सि.नं | सटर कोठा विवरण | दैनिक भाडा रकम रु. | पसलको किसिम | कैफियत |
|---|---|---|---|---|
| १ | सूचना केन्द्र सेड कोठा नं. १ | ३०० | किराना, कोल्ड ड्रिंक्स | |
| २ | सूचना केन्द्र सेड कोठा नं.२ | ६५० | किराना, कोल्ड ड्रिंक्स | |
| ३ | सूचना केन्द्र सेड कोठा नं.३ | ५५० | किराना, कोल्ड ड्रिंक्स | |
| ४ | सूचना केन्द्र सेड कोठा नं.४ | ५५० | कोल्ड ड्रिंक्स | |
| ५ | सूचना केन्द्र सेड कोठा नं.५ | ७०० | कोल्ड ड्रिंक्स तथा किराना | |
| ६ | सूचना केन्द्र सेड कोठा नं.६ | ४०० | नास्ता पसल | |
| ७ | श्री एभरेष्ट होटेल | ८०० | नास्ता पसल | |
| ८ | मोबाईल मरमत | ४०० | मोबाईल मरमत | |
| ९ | किराना | ३५० | किराना पसल | |
| १० | होटेल | ६५० | नास्ता पसल | |
| ११ | तारा होटेल | १०५० | नास्ता पसल | |
| १२ | गाडी सर्भिस | ३५० | टायरमा हावा भर्ने | |
| १३ | टंकी | ३५० | किराना कोल्ड ड्रिंक्स | |

(१७) उल्लेखित सटर कोठा वाहेक थप कुनै किसिमका टंकी, ठेला, रिक्सा लगायत अन्य संरचना राख्न पाइने छैन । त्यसरी थप राखेको पाइएमा हटाउन सूचना प्राप्त भएको मितिले २४ घण्टाभित्र संचालकले हटाउने वा हटाउन लगाउनुपर्नेछ । त्यसरी नहटाएमा संचालकलाई नगरकार्यपालिकाको कार्यालयले तोके वमोजिम जरिवाना गर्ने र कार्यालयले सिधै हटाई जरिवाना वापतको रकम धरौटीवाट कट्टा गरी असुल उपर गरिनेछ ।

(१८) संचालकले उल्लेख गरिए बमोजिम लिईने शुल्क, आम्दानी वाहेक अन्य कुनैपनि प्रकारका शुल्कहरु लिन पाइने छैन । माथि उल्लेखित दर भन्दा शुल्क बढी रकम लिइएको पाइएमा प्रत्येक पटक रु. ५,०००।– जरिवाना असुल गरिनेछ ।

(१९) बस टर्मिनल भित्र गाडी मर्मत गर्न तथा गाडी धुन पाईने छैन ।

(२०) सार्वजनिक यात्रुसेवामा चल्ने सम्पूर्ण सवारी साधनहरु (जीप,मिनी बस,माइकोबस,बस) लुम्बिनी बस टर्मिनलवाटै सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ । अर्को व्यवस्था नहुन्जेलसम्म वुटवल उप महानगरपालिकाले तोकेको स्थानवाट मिनिवस स्टेशन व्यवस्थापन गरेको खण्डमा तोकिएको शुल्क लिन पाइनेछ ।

मित्रमणी खनाल
प्रमुख प्रशासकीय अधिकृत

(२१) **Long Route** मा चल्ने गाडीहरु **City Area** भित्र जथाभावी रोकी यात्रुहरु ओराल्ने र चढाउने प्रवृतिलाई नियन्त्रण गर्ने तथा अन्य **Route** मा चल्ने गाडीका लागि नगरक्षेत्रभित्र ट्राफिक प्रहरी प्रशासन तथा सम्बद्ध व्यवसायीहरुको समन्वयमा आवश्यक व्यवस्था मिलाउने दायित्व संचालक स्वयंको हुनेछ ।

(२२) ट्याक्सी पार्किङ्गका लागि बस टर्मिनल भित्र रहेको ट्याक्सी पार्किङ्ग क्षेत्र सःशुल्क र रिक्साका हकमा शुल्क नलिईकन बस टर्मिनल बाहिर स्थान तोकि पार्किङ्गको व्यवस्था मिलाउन सकिनेछ ।

(२३) जनचेतना अभिबृद्धि गर्ने खालका कार्यक्रमका लागि त्यस्तो सेवा संचालन गर्ने पक्षलाई बु.उ.म.न.पा.ले समय अवधि तोकि शुल्क लिई वा नलिई टर्मिनल भित्र ठाँउ उपलब्ध गराउन सक्नेछ । सोको व्यवस्थापन सञ्चालकले मिलाउनु पर्नेछ ।

(२४) टर्मिनलमा क्यु नम्बरमा बस्ने वाहेक पछि क्यु नम्वर आउछ भन्ने वहानामा वा अन्य कुनै पनि उद्देश्यले लामो समयसम्म गाडी पार्किङ्ग गर्न ⁄ गराउन पाइने छैन ।

(२५) बोलपत्र फारममा उल्लेखित पसल कवल बाहेक अन्य व्यवसाय प्रयोजनका लागि कुनै पनि संरचना थप गर्ने वा भुई पेटी वा खुल्ला क्षेत्रमा व्यवसायहरु थप गर्न पाईने छैन । कुनैपनि ठेला टंकी वा अन्य प्रकारका माध्यमवाट थप व्यवसाय गर्ने अनुमति दिन पाइने छैन ।

(२६) बु.उ.म.न.पा.द्धारा निर्मित लुम्बिनी बस टर्मिनल भित्र संचालित सार्वजनिक शौचालय प्रयोग गरेवापत सेवाग्राहीबाट निम्न बमोजिम शुल्क लिन पाईनेछ ।

| सि.नं. | विवरण | शुल्क रु. |
|---|---|---|
| १ | शौचालय प्रयोग गरे वापत प्रति पटक | १० |
| २ | स्नान गर्दा प्रति पटक | २० |

(२७) बस टर्मिनलको सम्पूर्ण सरसफाई तथा मर्मत सम्भारको दायित्व संचालक स्वयंको हुनेछ । बस टर्मिनलमा बिभिन्न आगन्तुक, आन्तरिक तथा वाह्य पर्यटकहरु प्रवेश गर्ने हुँदा यस क्षेत्रको सरसफाईले विशेष महत्व राख्ने भएको हुँदा बुटवल उपमहानगरको सभ्यता झल्किने गरी बस टर्मिनलको सम्पूर्ण सरसफाईको प्रमुख दायित्व सञ्चालकको हुने छ ।

(२८) सम्झौता बमोजिम टर्मिनल संचालनमा संचालकलाई कुनै किसिमबाट बाधा व्यावधान हुने पर्ने गरी उ.म.न.पा.बाट निर्देशन वा हस्तक्षेप गरिने छैन । तर सम्झौता अनुरुप कार्य नगरेको अवस्थामा दिएको निर्देशनलाई बाधा व्यवधान गरेको मानिने छैन । संचालकको कार्यमा बाधा नपर्ने गरी जुन सुकै समयमा निरीक्षण गर्न सकिनेछ । निरीक्षणमा आवश्यक सहयोग पुऱ्याउनु संचालकको कर्तव्य हुनेछ । निरीक्षणको क्रममा दिईएका सुझाव र सुधार गर्नुपर्ने कार्य संचालकले कार्यान्वयन गर्नु पर्नेछ । कार्यान्वयन नगरेको अवस्थामा संचालकलाई कार्यालयको तर्फवाट सचेत गराईन्छ । तत् पश्चात पनि कार्यान्वयन नभएमा सम्झौता वदर गर्न सकिनेछ ।

(२९) बस टर्मिनलभित्र निर्मित सम्पूर्ण संरचनाहरुको रेखदेख संरक्षणको जिम्मा संचालकको हुनेछ । निर्माण गरिएका In Built Drawing अनुरुपका संरचनाहरु तोडफोड आदि भएमा वा गरिएमा संचालकले आफ्नै खर्चमा मर्मत ⁄ संभार गरिदिनु पर्नेछ । कुनै पनि कारणबाट ठेक्का छोड्दाका बखत हाल मौजुदा भौतिक संरचनाहरु दुरुस्त अवस्थामा बुझाउनु पर्नेछ । अन्यथा सोको क्षतिपुर्ति तिर्नु पर्ने छ ।

(३०) <u>विशेष परिस्थिति</u> : कुनै कारणबाट बुटवल क्षेत्रमा दिनभरी नै सार्वजनिक यातायातको सेवा सञ्चालन हुन नसकी बस टर्मिनलबाट टर्मिनल सेवा शुल्क असुल हुन नसकेको अवस्थामा ठेक्का रकमको दामासाहीले हुने रकम ठेक्का किस्तामा मिलान वा फिर्ता दिइने छ । संचालकले त्यस्तो बन्द रहदाकै बखत मौखिक र बन्द खुलेको मितिले २४ घण्टा भित्र बन्दको कारण खुलाई प्रमाण सहित लिखित रुपमा बु.उ.म.न.पा. कार्यालयमा

जानकारी गराउनु पर्नेछ । जानकारी नगराएको अवस्थामा छुट दिन बु.उ.म.न.पा.बाध्य हुने छैन । बुटवल क्षेत्र भन्दा अन्यत्रको बन्द प्रभावको दावीमा त्यस्तो छुट दिईने छैन ।

(३१) टर्मिनल सेवा शुल्क तिरे/ नतिरेको चेक जाँचको वहानामा मुल सडकमा बसी सडक अवरोध गरी टर्मिनल सेवा शुल्क लिन पाईने छैन ।

(३२) कुनै विवाद वा समस्या पर्न आएमा असर परेको पक्षले अर्को पक्षलाई लिखित सूचना दिई समाधानका लागि पहल गर्नु पर्नेछ । तर समस्या वा विवाद उत्पन्न भएकै कारण, अवस्था र समयलाई ठेक्का बदर भएको र जिम्मेवारी नरहेको अवस्था वा अवधि मानिने छैन ।

(३३) प्रचलित ऐन कानून विपरीत ठहरिने कुनै पनि कार्य गर्न/गराउन पाइने छैन ।

(३४) लुम्विनी बस टर्मिनलको प्रयोग गर्ने भौतिक संरचनाहरुको सामान्य मर्मत संभार गर्ने/गराउने दायित्व संचालक स्वयंले गर्नुपर्नेछ ।

(३५) कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार बुटवल उपमहानगरपालिका नगर कार्यपालिकामा सुरक्षित रहनेछ ।

(३६) अन्य कुराहरु बुटवल उपमहानगरपालिकाको निर्णय एवं स्थानीय सरकार संचालन ऐन,सार्वजनिक खरिद ऐन, आय ठेक्का वन्दोवस्त सम्वन्धी नियमवाली २०७६ र प्रचलित ऐन नियम तथा सम्झौता बमोजिम हुनेछ ।

(३७) वोलपत्रदाताले बुटवल उपमहानगरपालिकालाई वुझाउने मूल्य अभिवृद्धि कर सहित कवोल गरेको दुई आर्थिक वर्षको कूल ठेक्का रकम: (भ्याटबाहेक)

अंकमा रु.................................................

अक्षरमा ..............................................................................................................

(वोलपत्रदाताले भरेको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।)

(३८) वोलपत्र दाताले राखेको धरौटी रकम: ( कुल भ्याट सहित कबोल अंकको ५ प्रतिशत )

अंकमा रु.................................................

अक्षरमा ..............................................................................................................

माथि उल्लेखित सम्पूर्ण शर्त नियम तथा प्रावधानहरु पढी बुझी सोही परिधिभित्र रही उक्त लुम्विनी वस टर्मिनलको सञ्चालन व्यवस्थापन सम्वन्धी कार्य गर्न मञ्जुर भई यो वोलपत्र फाराम भरी पेश गरेको छु ।

**वोलपत्रदाता फर्म:**

फर्मको नाम:

फर्म/कम्पनीको ठेगाना:

सञ्चालकको नाम:

संचालकको स्थायी ठेगाना:

सम्पर्क ठेगाना :

फोन नं.:

ना.प्र.नं.:

सही छाप:

**अधिकार प्राप्त व्यक्ति:**

नाम थर:

स्थायी ठेगाना:

सम्पर्क ठेगाना:

ना.प्र.नं.:

फोन नं.:

सहिछाप:

इति सम्वत् २०८१ साल..................महिना.............गते रोज..........मा शुभम् ।